सरुमारानी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

बड्डाँडा, प्यूठान

लुम्बिनी प्रदेश, नेपाल

प.स:२०८१/०८२

च.नं:

मितिः२०८१।१२।२७

## तहमिलान/तहवृद्धिका लागि आवेदन फाराम पेस गर्ने सम्बन्धी सूचना

(सूचना प्रकाशित मिति २०८१/१२/२७)

सूचना नम्बरः १

स्थानीय निजामती सेवा ऐन, २०८१ को दफा ७ वमोजिम तहमिलान/तहवृद्धिका हुने पदभन्दा एक तहमुनिको पदमा तोकिएको सेवाअवधि पुरा भएका, उपयुक्त उम्मेदवारहरुले पाँचौ/ छैठौ/सातौं तहमा तहमिलान/तहवृद्धि हुन चाहेमा तहमिलान/तहवृद्धि हुनका लागि यस कार्यालयमा स्थानीय निजामती सेवा नियमावली, २०८१ को नियमानुसार सोही नियमावलीको अनुसूचीमा तोकिए बमोजिमको ढाँचामा सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र तपसिलका कागजात सहित आवेदन पेस गर्न यो सूचना प्रकाशन गरिएको छ।

तपशिलः

**क) ऐनको दफा ७ को उपदफा २ र ५ बमोजिमको हुने तहमिलानको हकमा**

१. सकल निवेदन,

२. हालको पदको नियुक्ति पत्रको प्रमाणित प्रतिलिपि,

३. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

४. अद्यावधिक वैयक्तिक विवरणको प्रतिलिपि, (सिटरोल दर्ता भएका कर्मचारीको हकमा)

५. सम्बन्धित कार्यालयको सेवा निरन्तरता सम्बन्धी सिफारिस पत्र,

६. हालसम्म विभागीय कारबाहीमा नपरेको तथा प्रचलित कानून बमोजिम तहवृद्धिका लागि अयोग्य नरहेको स्वघोषणा,

७. कर्मचारी समायोजन भएको प्रमाणपत्रको प्रतिलिपि,

**ख) ऐनको दफा ७ को उपदफा ३, ४, ७ र ९ बमोजिमको हुने तहवृद्धिको हकमा**

१. सकल निवेदन,

२. हालको पदको नियुक्ति पत्रको प्रमाणित प्रतिलिपि,

३. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

४. कर्मचारी समायोजन भएको प्रमाणपत्रको प्रतिलिपि,

५. अद्यावधिक वैयक्तिक विवरणको प्रतिलिपि,

६. पछिल्ला पाँच वर्षको कार्य सम्पादन मूल्याङ्कन फाराम पेस गरेको निकायको विवरण,

७. सम्बन्धित कार्यालयको सेवा निरन्तरता सम्बन्धी सिफारिस पत्र,

८. हालसम्म विभागीय कारबाहीमा नपरेको तथा प्रचलित कानून बमोजिम तहवृद्धिका लागि अयोग्य नरहेको स्वघोषणा,

९. तोकिएको शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि,

१०. अन्य व्यवस्था स्थानीय निजामति सेवा ऐन, २०८१ र नियमावली, २०८१ मा व्यवस्था भए बमोजिम हुनेछ।

............

(त्रिविक्रम खड्का)

प्रमुख प्रशासकीय अधिकृत

*सम्पर्क ठेगानाः सरुमारानी गाउँ कार्यपालिकाको कार्यालय बड्डाँडा-०४, प्यूठान ,लुम्बिनी प्रदेश नेपाल*

*कार्यालयको फोन नं ९८५७८३६०२२ .Website:www.sarumaranimun.gov.np*

*Email* :sarumarani2073@gmail.com

सरुमारानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बड्डाँडा, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल

प.स:२०८१/०८२
च.नं:

मिति:२०८१।१२।२७

## तहवृद्धिका लागि आवेदन फाराम पेस गर्ने सम्बन्धी सुचना

(सूचना प्रकाशित मिति २०८१/१२/२७)

सूचना नम्बरः २

स्थानीय निजामती सेवा ऐन, २०८१ को दफा ३१ बमोजिम तहवृद्धि हुने पदभन्दा एक तहमुनिको पदमा पाँच वर्षको सेवा अवधि पूरा भएका, पछिल्लो पाँच वर्षको कार्यसम्पादन मूल्याङ्कनमा औषत नब्बे प्रतिशत अङ्क प्राप्त गरेका, आवश्यक भौगोलिक क्षेत्रमा अनुभव प्राप्त गरेका, दफा ३४ बमोजिमको अवस्था विद्यमान नरहेका उपयुक्त उम्मेदवारहरुले पाँचौ/छैठौं/सातौं/आठौं/दशौं तहमा तहवृद्धि हुन चाहेमा तहवृद्धि हुनका लागि यस कार्यालयमा स्थानीय निजामती सेवा नियमावली, २०८१ को नियम ४८ अनुसार सोही नियमावलीको अनुसूची-१६ बमोजिमको ढाँचामा सूचना प्रकाशित भएको मितिले १५ (प्रन्ध) दिनभित्र तपसिलका कागजात सहित आवेदन पेस गर्न यो सूचना प्रकाशन गरिएको छ।

तपसिल

१. सक्कल निवेदन,

२. हालको पदको नियुक्ति पत्रको प्रमाणित प्रतिलिपि,

३. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

४. कर्मचारी समायोजन भएको प्रमाणपत्रको प्रतिलिपि,

५. अद्यावधिक वैयक्तिक विवरणको प्रतिलिपि,

६. पछिल्ला पाँच वर्षको कार्य सम्पादन मूल्याङ्कन फाराम पेस गरेको निकायको विवरण,

७. सम्बन्धित कार्यालयको सेवा निरन्तरता सम्बन्धी सिफारिस पत्र,

८. हालसम्म विभागीय कारवाहीमा नपरेको तथा प्रचलित कानून बमोजिम तहवृद्धिका लागि अयोग्य नरहेको स्वघोषणा,

९. तोकिएको शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि।

२०८१।१२।२६
(त्रिविक्रम खड्का)
प्रमुख प्रशासकीय अधिकृत